# नार्पा भूमि गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### च्याँखु, मनाङ
### गण्डकी प्रदेश, नेपाल

visit Nepal 2020 Lifetime Experiences

मिति:२०७६/१२/२६

**विषय:- कोभिड - १९ को रोकथामको सम्वन्धमा गाउँपालिकाबाट गरिएका कार्यहरुको सार्वजनिक सम्वन्धमा ।**

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को कारणले उत्पन्न जटिल परिस्थितीमा राज्यको ध्यान जनताको जीउ ज्यान र सुरक्षाको लागि तल्लिन रहेको अवस्था स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाले गरेका कार्यहरु सम्वन्धित सवैमा जानकारीकालागि सार्वजनिक गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**तपशिल**

| क.सं | गरिएको कार्यहरु | कैफियत |
|---|---|---|
| १ | मिति २०७६।१२।०३ मा गाउँपालिकावाट चेतनामुलक सन्देश प्रकासन गरिएको, | |
| २ | मिति २०७६।१२।०९ मा सेवा वन्द गर्ने सम्वन्धि सूचना प्रकाशन गरिएको, | |
| ३ | मिति २०७६।१२।१० मा वडा समितिको कार्यालयहरुलाई कोभिड-१९ को सम्वन्धमा भएका परिपत्र एवं कार्यालय प्रमुखहरुको बैठकको निर्णयानुसारका व्यवस्था कार्यान्वयन गर्न पत्राचार गएिको, | |
| ४ | यस गाउँपालिकाको प्रवेश द्धारमा मिति २०७६।१२।१२ देखी हेल्प डेस्क संचालनमा ल्याईएको, | ७५ जनाको स्वास्थ्य परिक्षण गरिएको |
| ५ | मिति २०७६।१२।१३ गते सम्पूर्ण वडा सचिवहरुलाई भारत र विदेशी मुलुकवाट आफ्नो वडा क्षेत्रभित्र प्रवेश गरेका नागरीकहरुको विवरण तयार गरी पेश गर्न पत्राचार गरिएको साथै स्वास्थ्य शाखा संग समेत माग गरिएको, | |
| ६ | अन्य जिल्लावाट गाउँपालिका प्रवेश गरेका व्यक्तिहरुको हेल्प डेस्कमा परिक्षण पश्चात गाउँपालिका प्रवेश गर्ने व्यवस्था मिलाईएको जसको विवरण प्रत्येक दिन जिल्ला प्रशासन कार्यालयमा पेश गरिएको, | |
| ७ | माथिल्ला निकाएवाट प्राप्त निर्देशन वमोजिम कोभिड-१९ विवरण संकलन तथा पेश गर्ने कार्य नियमित रुपमा गरिएको | |
| ८ | मिति २०७६।१२।१७ गते स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशलाई अत्यावश्यक सामाग्री उपलब्ध गराईदिने सम्वन्धमा परिपत्र गरिएको, | |
| ९ | मिति २०७६।१२।१८ गते कार्यालयका निमित्त प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा वैठक वसी क्वारेन्टाईन र आईसोलेसन कक्षको व्यवस्था मिलाईदिने सम्वन्धमा जिल्ला प्रशासन कार्यालय , जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल र चामे गाउँपालिकामा अनुरोध गरी पत्राचरा गरिएको | |
| १० | मिति २०७६।१२।१८ गतेदेखी गाउँपालिकाका स्वास्थ्य कर्मीहरुलाई आ आफ्नो स्वास्थ्य चौकीवाट फिवर क्लिनिक लगाएतका स्वास्थ्य सेवा प्रदान गर्नुहुन पत्राचार भएको | |
| ११ | मिति २०७६।१२।२० गतेदेखी गाउँपालिकाको स्वास्थ्य चौकीवाट स्वस्थ्य परिक्षण गरीएको | |

..........................

दिपेन्द्र पण्डित

(अधिकृत छैठौं)

Scanned with CamScanner